कांग्रेसको बदलिँदो कार्यदिशा

✍ भुवन न्यौपाने

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २५७ ❑ २०८३ असोज २१ गते बुधबार ❑ Wednesday, 07 Oct. 2026 ❑ मूल्य ७ /-

जुवाखालबाट १६ पक्राउ

झापा/ झापा र सुनसरीमा प्रहरीले जुवातास तथा लंगुरबुर्जा खेल्ने र खेलाउने १६ जनालाई पक्राउ गरेको छ । सुनसरीको इटहरीबाट तास खेलिरहेका पाँच जना तथा झापाको मेचीनगरबाट तास खेलिरहेका सात र लंगुरबुर्जा खेलाइरहेका चार जना पक्राउ परेका हुन् ।

इटहरी उपमहानगरपालिका-१७ मा तास खेलिरहेको अवस्थामा पाँच जनालाई प्रहरीले मंगलबार बिहान पक्राउ गरेको हो । उनीहरूको साथबाट २ लाख ३१ हजार १ सय ७० रूपैयाँ नगद र एक बुक तास बरामद भएको प्रहरीले जनाएको छ ।

यसैगरी, झापाको मेचीनगरबाट प्रहरीले तास खेल्ने तथा लंगुरबुर्जा खेलाउने ११ जनालाई पक्राउ गरेको छ । मेचीनगरका छुट्टाछुट्टै स्थानबाट तास खेलिरहेका सात जना र लंगुरबुर्जा खेलाउँदै गरेका चार जना पक्राउ परेका हुन् ।

२१० किलो गाँजा बरामद

उर्लाबारी/ मोरङको सीमावर्ती क्षेत्र जहदा गाउँपालिकाबाट प्रहरीले २१० किलो गाँजा बरामद गरेको छ । सोमबार राति जहदा गाउँपालिका-१ नयाँ बस्ती नजिकै रहेको धानबारीमा कालो प्लास्टिकमा प्याक गरेर राखिएको अवस्थामा २१० किलो गाँजा बरामद भएको हो ।

सशस्त्र प्रहरी बल नेपाल ३ नम्बर गण हेडक्वार्टर कंकालिनी मोरङ र बीओपी जहदाबाट खटिएको संयुक्त टोलीले धानबारीमा लुकाइछिपाइ राखिएको अवस्थामा गाँजा फेला पारेको बाँकी ४ पेजमा ▸▸

राप्रपाका करिब ७ सय प्रतिनिधि आज दमकमा

नयाँ नेतृत्व चयन गर्दै दोस्रो कोशी प्रदेशस्तरीय अधिवेशन सम्पन्न हुने

✍ खगेन्द्र कार्की

दमक/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कोशी प्रदेशको दोस्रो अधिवेशन आज दमकमा हुँदैछ । अधिवेशनमा प्रदेशका १४ वटै जिल्लाबाट करिब ७ सय प्रतिनिधि सहभागी हुँदैछन् । अधिवेशनले प्रदेश अध्यक्षसहित नयाँ कार्यसमिति चयन गर्नेछ ।

प्रदेश अध्यक्ष रामकुमार थापाका अनुसार अधिवेशनमा सहभागी हुन प्रतिनिधिहरू मंगलबार देखि नै आउने क्रम सुरू भएको छ । बुधबार दिउँसो १२ बजेसम्म सबै जिल्लाबाट प्रतिनिधि कार्यक्रमस्थल कस्मिक पार्टी प्यालेस दमकमा आइपुग्ने उनले बताए ।

अधिवेशनमा जिल्ला, प्रदेश, निर्वाचन क्षेत्र तथा गाउँ(नगर तहबाट प्रतिनिधि सहभागी हुनेछन् । जिल्लाबाट अध्यक्षसहित आठ जना, प्रदेशबाट अध्यक्षसहित पाँच जना र क्षेत्रीय समितिबाट अध्यक्षसहित छ जना प्रतिनिधि र हने व्यवस्था गरिएको थापाले जानकारी दिए । गाउँ तथा नगर तहका पदाधिकारी तथा प्रतिनिधिसमेत सहभागी हुनेछन् ।

प्रदेश कार्यसमिति चयनका क्रममा सर्वसम्मतिको प्रयास गरिने राप्रपा कोशी प्रदेश समितिले जनाएको छ । थापाका अनुसार निर्वाचन क्षेत्रबाट एक-एक जनाका दरले २९ जना चयन गर्ने तयारी छ । झापा, मोरङ, सुनसरी र उदयपुरबाट एक-एक जना महिलासहित ३३ जनालाई सर्वसम्मत चयन गर्ने प्रयास हुनेछ । सर्वसम्मति हुन नसके निर्वाचनमार्फत नेतृत्व चयन गरिनेछ ।

अधिवेशनको उद्घाटन सत्र दिउँसो २ बजेसम्म सक्ने तयारी छ । त्यसपछि २ देखि ३ बजेसम्म निर्वाचनसम्बन्धी प्रक्रिया पूरा गरिने र ४ बजेपछि मतदान तथा मतगणना गर्ने कार्यतालिका बनाइएको थापाले बताए । प्रदेश अध्यक्षसहित कार्यसमितिका लागि निर्वाचन हुने भएकाले सर्वसम्मति नभएको अवस्थामा मतदानबाट नेतृत्व चयन हुनेछ । मतदान दमक अर्गानिक सब्जी बजारको भवनमा हुने भएको छ ।

राप्रपाको केन्द्रीय निर्वाचन समितिले कोशी प्रदेश अधिवेशनका लागि भरत पाठकलाई केन्द्रीय निर्वाचन प्रतिनिधि तोकेको छ । पार्टीले सातै प्रदेशको अधिवेशन आजै गर्ने निर्णय गरेको छ । प्रदेश अधिवेशनपछि केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधि छनोटको प्रक्रिया अघि बढ्नेछ ।

राप्रपाले जिल्ला अधिवेशनपछि प्रदेश अधिवेशनको प्रक्रिया अघि बढाएको हो । पार्टीका अनुसार ७२ जिल्लाको अधिवेशन सम्पन्न भइसकेको छ । बाढीबाट प्रभावित रसुवा,

नुवाकोट र धादिङ तथा अधिवेशन गर्न बाँकी रहेका जुम्ला र धनकुटालाई असोज १५ गतेसम्म अधिवेशन सम्पन्न गर्न समय दिइएको थियो ।

राप्रपाले आगामी मंसिर २६, २७ र २८ गते काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका तय गरेको छ । प्रदेश अधिवेशनबाट निर्वाचित नेतृत्व र छनोट हुने प्रतिनिधिका आधारमा त्यसपछि केन्द्रीय महाधिवेशनको प्रक्रिया बाँकी ४ पेजमा ▸▸

झापा प्रशासनले "फेसलेस" सात सेवा दिने

दमक/ जिल्ला प्रशासन कार्यालय झापाले सेवाग्राहीको भौतिक उपस्थिति आवश्यक नपर्ने गरी सात प्रकारका सेवा 'फेसलेस' प्रणालीबाट उपलब्ध गराउन सुरू गरेको छ ।

कार्यालयले मंगलबारदेखि परम्परागत रूपमा सञ्चालन गरिने धार्मिक तथा सांस्कृतिक कार्यक्रम, राजनीतिक तथा सामाजिक कार्यक्रम, जातीय प्रमाणित सिफारिस, नागरिकताको अभिलेख विद्युतीय प्रणालीमा अपलोडसम्बन्धी सेवा भौतिक उपस्थितिबिनै उपलब्ध गराउन थालेको हो ।

राष्ट्रिय परिचयपत्र र राहदानीको अवस्था तथा प्रहरी सर्जमिन र चालचलनसम्बन्धी सेवा पनि भौतिक उपस्थितिबिनै उपलब्ध गराइने प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए ।

कार्यालयका अनुसार सेवाग्राहीले सम्बन्धित सेवाका लागि तोकिएको अनलाइन पोर्टल, डेडिकेटेड इमेल, ह्वाट्सएप तथा टेलिफोनलगायतका माध्यमबाट सेवा लिन सक्नेछन् । त्यसका लागि कार्यालयले सेवाको एकीकृत व्यवस्थापन गर्न छुट्टै 'हेल्प डेस्क' समेत सञ्चालनमा ल्याएको छ । बाँकी ४ पेजमा ▸▸

कांग्रेस महाधिवेशन जारी : सभापतिसहित २६ पदाधिकारी छानिँदै

दमक/ नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नयाँ कार्यसमितिका लागि मतदान हुँदैछ । सात हजार ११४ महाधिवेशन प्रतिनिधिले नयाँ नेतृत्व छान्ने भएका छन् ।

निर्वाचन समितिले राष्ट्रिय सभागृहमा कार्यालय स्थापना गरी मंगलबार साँझ ६ बजेसम्म उम्मेदवारी दर्ता गराएको छ । निर्वाचन समितिका सदस्य सचिव राजु कटवालका अनुसार बिहान १० बजेपछि उम्मेदवारका लागि मनोनयन दर्ता फारम वितरण गरिएको थियो ।

कांग्रेसले केन्द्रीय कार्यसमितिको आकार १६७ बाट बढाएर २९७ सदस्यीय बनाएको छ । सोमबार संशोधित विधान पारित गरी पदाधिकारी संख्या १४ बाट बढाएर २६ पुऱ्याएको छ । नयाँ व्यवस्थाअनुसार एक वरिष्ठ उपसभापति र एक महिला उपसभापति थपिएको छ । उपसभापति संख्या चार पुगेको छ । महामन्त्रीको संख्या तीन पुऱ्याइएको छ । एक महिला महामन्त्री अनिवार्य गरिएको छ ।

दुई खुला सहमहामन्त्री थपिएका छन् । यससँगै सहमहामन्त्रीको संख्या ११ पुगेको छ । प्रवक्ता पद पनि थप गरिएको छ । आवश्यक्ताका आधारमा सहप्रवक्ताको संख्या अझै थप हुने पार्टीले बताएको छ ।

यसअघि १४औँ महाधिवेशनमा कांग्रेसको केन्द्रीय कार्यसमिति १६७ सदस्यीय थियो । पदाधिकारी संख्या १४ थियो । यसपटक प्रतिनिधि संख्या र समावेशी सहभागिता बढेसँगै केन्द्रीय कार्यसमितिको आकार र पदाधिकारी संख्या पनि बढाइएको कांग्रेसले जनाएको छ । बाँकी ४ पेजमा ▸▸

झापाका १० स्थानमा यात्रु सहायता कक्ष

दमक/ चाडपर्वका समयमा जिल्लाभित्र तथा बाहिर आवतजावत गर्ने यात्रुलाई सुरक्षित, सहज र व्यवस्थित यात्रा गराउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय झापा र जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । यात्राका क्रममा कुनै समस्या भए यात्रुले सहायता कक्षमा सम्पर्क गरी आवश्यक सहयोग र समन्वय लिन सक्ने बताइएको छ ।

दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै झापा प्रहरीले जिल्लाका विभिन्न

स्थान तथा बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार मेचीनगर-६ को काँकडभिट्टा बसपार्क, मेचीनगर-१० को धुलाबारी मोड, मेचीनगर-१३ को चारआली चोक, बुद्धशान्ति-३ को बुधबारे चोक, भद्रपुर-५ को बसपार्क, अर्जुनधारा-११ को बसपार्क, बिर्तामोड-१ को पश्चिम बस स्ट्यान्ड, कनकाई-३ को पश्चिम बस बाँकी ४ पेजमा ▸▸

सामुदायिक विद्यालयलाई ६ अर्ब ५४ करोड

दमक/ विद्यार्थीको चाप थेग्न नसकेका ठूला सामुदायिक विद्यालयको भौतिक क्षमता विस्तार गर्न सरकारले ६ अर्ब ५४ करोड रूपैयाँ लगानी गर्ने भएको छ । दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेका १०९ विद्यालयलाई छनोट गरी नयाँ भवनसहितका पूर्वाधार निर्माण अघि बढाइएको हो ।

कार्यक्रमअन्तर्गत प्रत्येक विद्यालयमा १२ कोठे तीनतले भवन निर्माण गर्ने योजना छ । पहिलो चरणमा ८९ विद्यालयका लागि ५ अर्ब ३४ करोड रूपैयाँ निकासा भइसकेको शिक्षा विभागका अधिकृत प्रेम त्रिपाठीले जानकारी दिए । बाँकी विद्यालयमा पनि पूर्वाधार विस्तारको प्रक्रिया अघि बढाइनेछ ।

विद्यार्थीको संख्या बढेका विद्यालयमा भवन निर्माणसँगै प्रयोगशाला, पुस्तकालय, कक्षाकोठा तथा अन्य आवश्यक शैक्षिक संरचना थप गर्ने सरकारको तयारी छ। सामुदायिक विद्यालयमा बढिरहेको विद्यार्थी आकर्षणलाई व्यवस्थित गर्दै त्यस्ता विद्यालयलाई अझ प्रभावकारी बनाउने उद्देश्य कार्यक्रमको रहेको मन्त्रालयका सूचना अधिकारी वीरबहादुर थामीले बताए । बाँकी ४ पेजमा ▸▸

एमालेमा नेतृत्वको आलोचना गर्न प्रतिबन्ध

दमक/ नेकपा एमालेले नेतृत्वको आलोचना गरे कडा अनुशासनको कारबाही गर्ने भएको छ । यही असोज ८ गते सम्पन्न तेस्रो केन्द्रीय कमिटी बैठकको निर्णय अनुसार अबदेखि यो पार्टीका नेता कार्यकर्ताहरूले पार्टी नीति, निर्णय र नेतृत्वमाथि प्रश्न गरे सिधै कारबाहीको भागीदार बन्नुपर्ने अन्तर पार्टी निर्देशिका (अपानि) मार्फत पार्टी पङ्क्तिलाई पत्र पठाइएको छ । जबकि, कम्युनिस्ट पार्टीमा आलोचना र फरक मतलाई सम्पत्तिका रूपमा लिने गरिन्छ ।

अध्यक्ष केपी शर्मा ओलीले हस्ताक्षर गरेर असोज १८ गते पार्टी पङ्क्तिलाई पठाएको अन्तरपार्टी निर्देशनमा पार्टीका कुनै पनि विषयमा सार्वजनिक रूपमा प्रश्न, आलोचना गरे कारबाहीको विषय बनाउन भनिएको छ । एमालेले पार्टीमा हुर्किँदै गएको स्वेच्छाचारिता, अराजकता र अनुशासनहीनता अन्त्य गरी एकताबद्ध र सुदृढ पार्टी निर्माण गर्न यस्तो निर्णय गर्नुपरेको जनाएको छ ।

'पार्टीको नीति, निर्णय र बाँकी ४ पेजमा ▸▸

पाथीभरामा भेडीबथान परिक्रमा गराइयो

ताप्लेजुङ/ प्रसिद्ध तीर्थस्थल पाथीभरामा भेडाको बथान परिक्रमा गराएर भेडीपूजा गरिएको छ । पाथीभरा उत्पतिको किम्बदन्तीसँग जोडिएको भेडी बथानको पूजा गरिएको हो ।

गोठमा पालिएका भेडाको बथान चरनको क्रममा पाथीभरा क्षेत्र पुगेपछि पूजाअर्चना गरिएको हो । पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार एकसयभन्दा बढी संख्या रहेको भेडाको बथानको पूजा गरिएको हो । भेडाको बथानलाई पाथीभरा धामको मुख्य पूजास्थल परिक्रमा गराउनुका साथै पूजास्थलमा प्रवेश गराएर पूजा गरिएको महतले जानकारी दिए ।

पाथीभराका पुजारीले मुख्य पूजा स्थलमा प्रवेश गराई भेडाको बथानको विधिपूर्वक पूजाअर्चना गरी चरन क्षेत्रमा छोडिएको महतले बताए । चरनमा रहेका भेडाहरू धाम परिसरमै पुगेपछि पाथीभराको उत्पतिसँग जोडिएको

किम्बदन्तीअनुसार संयोग मिलेकोभन्दै भेडाको बथानको पूजा गरिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

किम्बदन्ती अनुसार परापूर्वकालमा हालको पाथीभरा क्षेत्रमा गोठालाहरूले आफ्नो भेडीगोठ राखेका थिए । सोही समयमा एक दिन अचानक र अप्रत्यासित रूपमा देखिँदा देखिँदै गोठमा रहेका भेडाहरू अलप अर्थात हराएका थिए । त्यस्तो अकल्पनीय घटनाले स्तब्ध भएका गोठालालाई रातको सपनामा देवीले दर्शन दिँदै आफ्नो उत्पतिस्थलको बोध गराएको र भेडाको बलीसहित पूजा गर्न निर्देश भएको थियो ।

भेडासँग पाथीभराको उत्पत्तिको किम्बदन्ती जोडिएका कारण पाथीभरा धाम क्षेत्रमा पुगेका भेडाको बथानलाई विधिपूर्वक पूजा गरी छोडिएको समितिका कर्मचारी महतको भनाइ छ ।

सोही आदेशबमोजित गोठालाहरूले देवीको आकृति उत्पन्नस्थलमा पूजाअर्चना गर्नुका बाँकी ४ पेजमा ▸▸

ARAMBHA COMPUTER
Damak, Jhapa

आरम्भ कम्प्युटर प्रा. लि.

दमक ६ भिसि मार्केट (मेनरोड)

के तपाई ल्यापटप कम्प्युटर प्रिन्ट सिसि टिभि फ्रिज वासिङ्ग मिसिन एसि किन्ने सोचमा हुनु हुन्छ वा बिगेर हौरान हुनुहुन्छ ?

समाधानको लागि हामीलाई सम्झनुहोस् !

हाम्रा सेवाहरू

ल्यापटप | कम्प्युटर | प्रिन्टर | CCTV | फ्रिज | वासिङ्ग मिसिन | ए.सी.

गुणस्तरीय सामान | द्रुत तथा भरपर्दो मर्मत सेवा | वारेन्टी सहितको सेवा | अनुभवी प्राविधिक द्वारा सेवा

सम्पर्क गर्नुहोस् आजै !
☎ ०२३-५७६२४६
📱 ९८५२६७६२४६

प्रविधिसम्बन्धी सम्पूर्ण समाधानका लागि आजै सम्पर्क गर्नुहोस् ।

सम्पादकीय

सीमा क्षेत्रमा सुरक्षा कडाई गर्न आवश्यक

सीमावर्ती क्षेत्रमा हुनसक्ने अवैध चोरी-निकासी, पैठारी नियन्त्रण तथा सम्भावित राजस्व चुहावट न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला सुरक्षा समिति झापाले चालेको कदम अत्यन्तै सकारात्मक र समयोचित छ । झापा र इलामको सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी तीव्र पारिएको छ, जसको नेतृत्व प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले गर्नुभएको छ । मुख्य नाकाहरुमा मात्र होइन, वैकल्पिक सडक, ग्रामीण मार्ग तथा भौगोलिक रुपमा टाढा रहेका संवेदनशील क्षेत्रहरुलाई समेत समेटेर गरिएको यो स्थलगत अनुगमनले स्थानीय प्रशासनको सक्रियता र जिम्मेवारीबोधलाई प्रस्ट्याउँछ । मेचीनगर, बुद्धशान्ति, र अर्जुनधारा लगायतका पालिका जोडिएका क्षेत्रहरुमा सुरक्षा व्यवस्थाबारे लिइएको जानकारी र बढाइएको गस्तीले तस्कर तथा अवैध कारोबारमा संलग्न तत्वहरुलाई कडा सन्देश दिएको छ ।

खुला सिमानाका कारण नेपालतर्फ हुने अवैध चोरी-निकासी र पैठारीले राज्यको अर्थतन्त्रमा गम्भीर असर पुऱ्याउँदै आएको छ । इलाम, पाँचथर र ताप्लेजुङलगायतका पहाडी जिल्लाहरुबाट झापाको बाटो हुँदै भारततर्फ हुने अवैध निकासीले एकातिर राष्ट्रिय आयमा सीधा आघात पुऱ्याउँछ भने अर्कोतिर वैध व्यापार गर्ने व्यावसायिक समुदायलाई समेत हतोत्साहित बनाउँछ । मुख्य नाकाहरुमा कडाइ हुँदा तस्करहरुले ग्रामीण तथा साना बाटाहरु प्रयोग गर्ने प्रवृत्ति पुरानै हो । यसलाई निस्तेज पार्न प्रजिअ पोखरेलको नेतृत्वमा गरिएको सूक्ष्म निगरानीको रणनीतिले राज्यको राजस्वलाई सुरक्षित गर्न र अर्थतन्त्रको दायरा फराकिलो बनाउन महत्त्वपूर्ण टेवा पुऱ्याउनेछ ।

कुनै पनि कानुनको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षा निकायबीचको आपसी समन्वय र सूचना आदानप्रदान अपरिहार्यता हो। यस अभियानमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका स्थानीय युनिटहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा नियमित गस्ती तथा 'पेट्रोलिङ' प्रभावकारी बनाउन दिइएको निर्देशनले सुरक्षा व्यवस्थालाई थप बलियो बनाएको छ । अझ महत्वपूर्ण पक्ष, सीमा क्षेत्रमा तैनाथ युनिटहरुले गरेका प्रयास र कारबाहीको अवस्थाबारे प्रत्येक १५ दिनमा जिल्ला सुरक्षा समितिमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गर्नुले उत्तरदायित्वको संस्कृति स्थापित गरेको छ। यस प्रकारको नियमित प्रतिवेदन र मूल्याङ्कनले सुरक्षा रणनीतिलाई समयसापेक्ष परिमार्जन गर्न र देखिएका कमजोरीहरु तत्काल सुधार गर्न मार्गप्रशस्त गर्दछ ।

नेपालीहरुको महान चाडपर्वहरु नजिकिँदै गर्दा सीमा क्षेत्रमा हुने अवैध गतिविधि र तस्करीका घटनाहरु अझै बढ्ने जोखिम हुन्छ । विशेष गरी पटका, विष्फोटक पदार्थ तथा अन्य अवैध र निषेधित सामग्रीहरुको गैरकानूनी ओसारपसार यसै समयमा बढी हुने गर्छ। सुरक्षा समितिले यस पक्षलाई गम्भीरतापूर्वक लिई चाडपर्वको समयमा थप सतर्कता अपनाउन दिएको निर्देशन स्वागतयोग्य छ । यसले सम्भावित दुर्घटनाहरुलाई टार्न, सार्वजनिक सुरक्षा कायम गर्न र चाडपर्वलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न ठूलो सहयोग पुऱ्याउनेछ ।

प्रमुख जिल्ला अधिकारी पोखरेल, प्रहरी उपरीक्षक वसुन्धरा खड्का, सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्य, र उपअनुसन्धान निर्देशक उमेश पाण्डे लगायतका सुरक्षा अधिकारीहरुको यो संयुक्त प्रयासले राज्यको उपस्थिति सीमावर्ती क्षेत्रमा दरिलो रुपमा महसुस गराएको छ । सीमा सुरक्षा केवल प्रहरी प्रशासनको मात्र दायित्व नभई समग्र राष्ट्रको समृद्धि र सुशासनसँग जोडिएको विषय हो । त्यसैले, यस प्रकारका अनुगमन र निगरानीलाई अभियानका रुपमा निरन्तरता दिइनुपर्छ । स्थानीय नागरिक समाज, जनप्रतिनिधि र सञ्चारक्षेत्रले पनि यसमा हातेमालो गर्दै अवैध गतिविधिका सूचना प्रशासनसम्म पुर्याउनु पर्छ । तब मात्र सीमा क्षेत्रमा पूर्ण शान्ति, सुशासन र आर्थिक पारदर्शीता कायम हुन सक्दछ । सीमा क्षेत्रमा सुरक्षा कडा बनाउनु मात्र पर्याप्त छैन, यसलाई दीर्घकालीन नीति र प्रविधिमैत्री निगरानी प्रणालीसँग जोड्नुपर्छ, जसले स्थायी रुपमा अवैध कारोबारको अन्त्य गर्न सकियोस् ।

आँखा दान गरेर पुन्य कमाउन सकिन्छ– *मुख्यमन्त्री कार्की*

गाईघाट/ कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मरणोपरान्त आँखा दान गरेर दृष्टिविहीनलाई यो सुन्दर संसार देखाउने अभियान वर्तमान कोशी प्रदेश सरकारले अघि बढाएको बताएका छन् । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित मदन भण्डारी आँखा अस्पताल उदयपुरले आयोजना गरेको 'स्मृति वृक्षरोपणको सातौं वार्षिक उत्सव' कार्यक्रमलाई आइतबार सो अस्पतालपरिसरमा सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले यस्तो बताएका हुन् ।

कोशी प्रदेशका कम्तीमा एक हजार दृष्टिविहीनलाई आँखा प्रत्यारोपणमार्फत यो सुन्दर संसार देखाउने अभियान सुरु गरिएको र यसका लागि झापा जिल्लाको मेची अस्पताल र मोरङ जिल्लाको कोशी अस्पतालमा आँखाका विज्ञ प्राविधिक चिकित्सकको प्रबन्ध गरिसकिएको उनको भनाइ छ ।

मरणोपरान्त दान गरिएका आँखाको उपयोग गरी दृष्टिविहीनलाई दृष्टि प्रदान गर्ने काममा प्रदेश सरकार लागिपरेको बताउँदै आफूले समेत मरणोपरान्त आँखा दान गरिसकेको जानकारी दिए । मुख्यमन्त्री कार्कीले भने, "मानिस मरेपछि पनि उसको शरीरका कतिपय अंग अरूका लागि उपयोगी हुन सक्छन्। आँखा दान गरेर आफू संसारबाट बिदा भएपछि पनि अरूलाई संसार देखाउन सकिन्छ। त्यसैले मरणोपरान्त अंगदान गर्नु भनेको पुण्य कमाउने काम गर्नु हो ।" सोही अवसरमा मुख्यमन्त्री कार्कीले मदन भण्डारी आँखा अस्पतालले स्वास्थ्यसेवासँगै वातावरण संरक्षण र सामाजिक स्मृतिलाई जोडेर अघि बढाएको वृक्षरोपण अभियान प्रशंसनीय रहेको बताए । मुख्यमन्त्री कार्कीले कोशी प्रदेशभित्रका जिल्लामा खाली रहेको वनक्षेत्रभित्रको जमिनमा काजु, हाडे बदाम, अनार, आँपलगायतका फलफूलजन्य बिरुवा रोपेर पैसा कमाउन पनि सकिने हुँदा वातावरण संरक्षणसँगै किसानलाई आयआर्जनमा जोडेर जान सकिने र यसका लागि प्रदेश सरकारले सहयोग गर्ने आश्वासन दिए ।

कांग्रेसको बदलिँदो कार्यदिशा

✍ भुवन न्यौपाने

आजको नेपाली राजनीतिमा युवाको प्रश्न अत्यन्त महत्वपूर्ण छ । युवालाई केवल चुनावी अभियानमा प्रयोग गर्ने, सामाजिक सञ्जाल सञ्चालन गराउने सभा, जुलुस, भिड व्यवस्थापनमा सीमित गर्ने सोचले तिनको अपेक्षा सम्बोधन गर्दैन। युवालाई नीति निर्माण, सङ्गठन सञ्चालन, उम्मेदवारी, नेतृत्व विकास र निर्णय प्रक्रियाको वास्तविक हिस्सेदार बनाउने निर्णायक अवसर दिनु पर्छ ।

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक इतिहास, राजनीतिक आन्दोलन र संस्थागत विकासका आयामसँग गहन रूपमा जोडिएको पार्टी हो । कांग्रेसको इतिहास केवल चुनावी जित र हारका घटनाको इतिहास मात्र होइन; लोकतन्त्र, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र राजनीतिक परिवर्तनका विभिन्न चरणसँग जोडिएको लामो यात्राको इतिहास हो तर इतिहासले दिएको विरासत आफैँमा भविष्यको सुनिश्चितता होइन । समय बदलिन्छ, समाज बदलिन्छ, मतदाताको अपेक्षा बदलिन्छ र राजनीतिप्रतिको नागरिक दृष्टिकोण पनि बदलिन्छ । पछिल्लो समय कांग्रेसभित्र देखिएका बहस, रूपान्तरण र पुस्तान्तरणको चाहना, सङ्गठनलाई सक्रिय बनाउने आवाज, नीतिगत पुनर्विचार, आन्तरिक लोकतान्त्रिक प्रतिस्पर्धा र युवाको बढ्दो सहभागिताले सामयिक परिवर्तनको सङ्केत गरिरहेको छ । यी सङ्केतलाई तत्कालीन शक्ति समीकरणका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यसलाई पार्टीको राजनीतिक चरित्र, सङ्गठनात्मक संस्कृति र भविष्यको दिशासँग जोडेर हेर्न आवश्यक छ । जुन यसै १५ औं महाधिवेशनले सामायिक नीति र सक्षम नेतृत्वको निर्वाचन गरेर अझै सुदृढ ढङ्गबाट अगाडि बढाउने छ ।

कांग्रेसको प्राथमिकता

राजनीति स्थिर विषय होइन । हिजोका मुद्दा, हिजोका प्राथमिकता र हिजोका राजनीतिक भाष्य आज पनि उही रूपमा प्रभावकारी हुन्छ भन्ने हुँदैन । सूचना प्रविधिको तीव्र विकास, रोजगारीको सङ्कट, वैदेशिक पलायन, शिक्षा, जलवायु परिवर्तन, सहरीकरण, सामाजिक असमानता र नयाँ पुस्ताको राजनीतिक चेतनाले नेपाली समाजको स्वरूप बदलिरहेको छ । आजको नागरिकले राजनीतिक दलसँग केवल भाषण होइन; नीति, परिणाम, पारदर्शिता र जवाफदेहिता खोजिरहेको छ । त्यसैले कांग्रेसको सामयिक विचार भन्नाले पुराना आदर्श त्याग्नु होइन । ती आदर्शलाई नयाँ सामाजिक र आर्थिक सन्दर्भमा कसरी व्याख्या गर्ने भन्ने प्रश्न हो ।

विश्वव्यापीकरणको विकास, शिक्षा र प्रविधिको विकास र सचेतनाले समाजमा जनचेतनाको स्तर निकै सकारात्मक रूपमा विकास भइरहेको छ । नेपाली कांग्रेस नेपालको पाको र मौलिक राजनीतिक शक्ति भएकाले नेपाली समाजको वास्तविकता बुझेको पार्टी पनि हो । लोकतन्त्रलाई केवल निर्वाचनसँग सीमित नगरी सुशासनसँग जोड्ने, आर्थिक विकासलाई रोजगारीसँग जोड्ने, सामाजिक न्यायलाई अवसरको समानतासँग जोड्ने र राष्ट्रियतालाई नागरिकको सम्मान तथा राष्ट्रिय हितसँग जोड्ने नयाँ राजनीतिक भाष्य आवश्यक देखिन्छ ।

सामयिक नीति र कांग्रेस

नेपाली कांग्रेसको आन्तरिक नीतिमा अब समयानुकूल र संस्थागत सुधारको आवश्यकता देखिन्छ । पार्टीको आन्तरिक लोकतन्त्रलाई व्यवहारमै बलियो बनाउँदै नेतृत्व चयनमा गुट, पहुँच र प्रभावभन्दा योग्यता, योगदान, विचार र जनविश्वासलाई प्राथमिकता दिने संस्कार विकास गर्नु पर्छ । सदस्यता र सङ्गठनलाई अधिवेशन र निर्वाचनकेन्द्रित मात्र नभई वर्षभरि नागरिकसँग जोडिने, स्थानीय समस्या उठाउने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सक्रिय संरचनाका रूपमा विकास गर्न आवश्यक छ । पार्टीका नीति र घोषणालाई अनुसन्धानमा आधारित बनाउँदै नीति, कार्यक्रम, बजेट, कार्यान्वयन, परिणामको स्पष्ट सम्बन्ध स्थापित गर्नु पर्छ ।

नेपालमा वास्तविक आधारमा समावेशी प्रणालीलाई अवलम्बन गर्ने पार्टी नेपाली कांग्रेस नै हो । युवा, महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम तथा अन्य समुदायको समावेशिता प्रतिनिधित्वको सङ्ख्यामा मात्र होइन; निर्णय प्रक्रियामा सुनिश्चित हुनु पर्छ भन्ने विषयलाई जोड दिँदै आएको छ । सोही अनुरूपको नीतिगत व्यवस्थाले महाधिवेशनमा त्यही समुदाय र समूहको प्रतिनिधित्व उत्साहपूर्वक देखिन्छ । साथै असहमतिको सम्मान, आलोचना सुन्ने क्षमता र संवादको संस्कार विकास गर्दै व्यक्ति र गुटभन्दा विचार र नीतिको प्रतिस्पर्धा स्थापित गर्नु पर्छ । डिजिटल प्रणाली, नियमित प्रशिक्षण, कार्यसम्पादन समीक्षा र पारदर्शितामार्फत कांग्रेसलाई व्यक्तिकेन्द्रित होइन; संस्थाकेन्द्रित, नीतिमुखी, जवाफदेही र आधुनिक लोकतान्त्रिक पार्टीका रूपमा पुनर्संरचना गर्न आवश्यक छ ।

राजनीतिक दलका नीति र घोषणापत्र नागरिकका लागि तब मात्र अर्थपूर्ण हुन्छन्, जब ती व्यवहारमा देखिन्छन् । चुनावका समयमा प्रस्तुत गरिने कार्यक्रम र प्रतिबद्धतालाई सरकार सञ्चालन, बजेट, कानुन र सार्वजनिक सेवासँग जोड्ने प्रणाली आवश्यक हुन्छ । कांग्रेसको नीतिगत बहस अब परम्परागत नाराभन्दा अगाडि बढ्नुपर्ने छ । कृषि कसरी उत्पादनमुखी बनाउने ? युवालाई कसरी स्वदेशमै रोजगारी सिर्जना गर्ने ? डिजिटल अर्थतन्त्रबाट अवसर कसरी निर्माण गर्ने ? शिक्षा र स्वास्थ्यमा राज्यको भूमिका कस्तो हुने ? जलवायु परिवर्तन र विपत्को जोखिमसँग कसरी जुध्ने ? सङ्घीयतालाई परिणाममुखी कसरी बनाउने ? महाधिवेशन यस्ता मुद्दामा केन्द्रित हुनु पर्छ ।

राजनीतिक संस्कार

कांग्रेसभित्रको अर्को महत्वपूर्ण विषय राजनीतिक संस्कार हो । लोकतान्त्रिक पार्टीको जीवनमा विचारको भिन्नता स्वाभाविक हुन्छ तर फरक विचार राख्ने व्यक्ति प्रतिस्पर्धी हुन सक्छ, शत्रु होइन । आन्तरिक बहसलाई व्यक्तिगत आरोप, गुटगत विभाजन वा निषेधको संस्कृतिबाट निकालेर नीति, कार्यक्रम र दृष्टिकोणको प्रतिस्पर्धा बनाउनु आवश्यक छ । सभ्य संवाद, आलोचना सुन्ने क्षमता र निर्णयपछि संस्थागत रूपमा अघि बढ्ने संस्कार लोकतान्त्रिक पार्टीको महत्वपूर्ण पहिचान हुन सक्छ । कुनै पनि राजनीतिक दलको वास्तविक शक्ति उसको सङ्गठन र संस्कारमा हुन्छ तर सङ्गठनको अर्थ केवल पदाधिकारी र समितिको सूची होइन । सङ्गठन नागरिकसँग जोडिएको जीवित संरचना हो । वडा तहदेखि केन्द्रसम्मका संरचना नियमित रूपमा सक्रिय हुने, स्थानीय समस्या बुझ्ने, नागरिकसँग संवाद गर्ने र सार्वजनिक विषयमा पार्टीको धारणा निर्माण गर्ने अभ्यास विकास गर्न आवश्यक छ । निर्वाचन नजिकिँदा मात्र सक्रिय हुने सङ्गठन र वर्षभरि समाजसँग संवाद गर्ने सङ्गठनबिच ठुलो अन्तर हुन्छ । कांग्रेसको बदलिँदो सङ्केतलाई बलियो बनाउन सङ्गठनलाई कार्यक्रम, विचार, जनसम्पर्क र सामाजिक उत्तरदायित्वसँग जोड्नु महत्वपूर्ण हुन्छ ।

लोकतान्त्रिक पार्टीभित्र नेतृत्व चयन स्वाभाविक रूपमा प्रतिस्पर्धाबाट हुन्छ । महाधिवेशन, अधिवेशन र विभिन्न तहका निर्वाचनलाई प्रतिनिधि छनोटको औपचारिक प्रक्रिया मात्र नभई विचार, क्षमता, अनुभव र नेतृत्व दृष्टिकोणको प्रतिस्पर्धाको अवसर बनाउन सकिन्छ । आन्तरिक प्रतिस्पर्धामा व्यक्तिको पहुँच, आर्थिक प्रभाव वा गुटगत सम्बन्धभन्दा सङ्गठनमा गरेको योगदान, विचार, क्षमता र कार्यकर्ताको विश्वासलाई महत्व दिने वातावरण निर्माण हुनु लोकतान्त्रिक संस्कारको महत्वपूर्ण पक्ष हो । प्रतिस्पर्धाबाट आएको नेतृत्वले असहमत पक्षलाई पनि सम्मान गर्न सक्ने र पराजित पक्षले संस्थागत निर्णयलाई स्वीकार गर्दै रचनात्मक भूमिका निर्वाह गर्न सक्ने संस्कार विकास हुनु उत्तिकै आवश्यक छ ।

युवाको पहुँच

आजको नेपाली राजनीतिमा युवाको प्रश्न अत्यन्त महत्वपूर्ण छ । युवालाई केवल चुनावी अभियानमा प्रयोग गर्ने, सामाजिक सञ्जाल सञ्चालन गराउने; सभा, जुलुस, भिड व्यवस्थापनमा सीमित गर्ने सोचले तिनको अपेक्षा सम्बोधन गर्दैन । युवालाई नीति निर्माण, सङ्गठन सञ्चालन, उम्मेदवारी, नेतृत्व विकास र निर्णय प्रक्रियाको वास्तविक हिस्सेदार बनाउने निर्णायक अवसर दिनु पर्छ । युवा सहभागिता पुस्तान्तरण मात्र होइन, राजनीतिक सोचको नवीकरण पनि हो । नयाँ पुस्ताले प्रविधि, उद्यम, रोजगारी, जलवायु, शिक्षा, सामाजिक न्याय र विश्व राजनीतिलाई नयाँ ढङ्गले बुझिरहेको छ । उनीहरूको अनुभवलाई पार्टीको नीति र सङ्गठनमा संस्थागत गर्न सके मात्र युवा सहभागिता अर्थपूर्ण बन्न सक्छ ।

अर्को महत्वपूर्ण विषय समावेशी लोकतन्त्रको अर्थ केवल विभिन्न समुदायबाट केही प्रतिनिधि समावेश गर्नु मात्र होइन; महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका नागरिक तथा अन्य विविध समुदायको सहभागिता निर्णय प्रक्रियाको वास्तविक तहसम्म पुग्नु पर्छ । समावेशी सहभागिताले पार्टीलाई सामाजिक वास्तविकताको नजिक लैजान्छ । प्रतिनिधित्व बढेसँगै नीति निर्माणमा पनि विविध अनुभव र दृष्टिकोण प्रवेश गर्छन् । त्यसैले समावेशी कांग्रेसको ध्येय सङ्ख्या पूरा गर्नेभन्दा पनि अवसर, पहुँच, नेतृत्व र निर्णयमा समान सहभागिता सुनिश्चित गर्ने हो । पार्टीले प्रविधिलाई प्रचारको माध्यम मात्र नभई आन्तरिक लोकतन्त्र र सार्वजनिक जवाफदेहिताको माध्यम बनाउन सके नयाँ पुस्तासँगको दुरी कम गर्न सकिन्छ ।

बदलिँदो कांग्रेसको सङ्केत कुनै एक व्यक्ति, एउटा पुस्ता वा एउटा अधिवेशनको विषय मात्र होइन । यो एउटा राजनीतिक संस्थाले आफूलाई समय अनुसार पुनः परिभाषित गर्ने प्रक्रियाको प्रश्न हो । सामयिक विचार, सामयिक नीति, सक्रिय सङ्गठन, स्वस्थ आन्तरिक प्रतिस्पर्धा, सभ्य राजनीतिक संस्कार, अर्थपूर्ण युवा सहभागिता र वास्तविक समावेशिता यी सबै एकअर्कासँग जोडिएका विषय हुन् । एउटा पक्ष परिवर्तन गरेर मात्र पार्टीको समग्र रूपान्तरण सम्भव हुँदैन । कांग्रेसका लागि चुनौती विगतलाई अस्वीकार गर्नु होइन, विगतको लोकतान्त्रिक विरासतलाई भविष्यको आवश्यकतासँग जोड्नु हो । इतिहासले दिएको पुँजीलाई सम्मान गर्दै नयाँ पुस्ताको प्रश्न सुन्न सक्ने, नागरिकको अपेक्षा बुझ्न सक्ने र आफ्नै सङ्गठनभित्र लोकतन्त्रलाई जीवन्त राख्न सक्ने पार्टी निर्माणको बहस नै अहिलेको महत्वपूर्ण विषय हो ।

अन्ततः बदलिँदो कांग्रेसको वास्तविक सङ्केत भाषणमा होइन, व्यवहारमा देखिने परिवर्तनमा मापन हुने छ । सङ्गठन कति सक्रिय भयो, नीति कति सामयिक भयो, युवा कति निर्णायक बने, विविध समुदायको आवाज कति सुनियो, असहमति कति सम्मानित भयो र नागरिकले पार्टीलाई आफ्नो भविष्यसँग कति जोड्न सके । यिनै विषयले कांग्रेसको आन्तरिक र बाह्य सङ्कटका बिच सम्भावनाको ढोका ढक्ढक्याइरहेको छ । बदलिँदो नेपाली समाजलाई बुझेर कांग्रेसले आफूलाई कति गहिराइका साथ पुनर्निर्माण गर्न सक्छ ? कांग्रेससामु यो बदलिँदो परिवेशमा बदलिँदो परीक्षाको घडी पनि हो । १५ औं महाधिवेशनको कार्यदिशाले यिनै प्रश्नको उत्तर खोजीमा कांग्रेसको आगामी राजनीतिक यात्राको स्वरूप निर्धारण गर्ने छ । गोप

❖

आठराईद्वारा नगर बस सञ्चालन

तेह्रथुम । आठराई गाउँपालिकाले शनिबारदेखि नगर बस सञ्चालनमा ल्याएको छ ।

नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ जारी गरी गाउँपालिकाले नगर बस सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष दिलकुमार पाहिमले जानकारी दिए । नगर बस सञ्चालनका लागि गाउँपालिकाले गत आर्थिक वर्षमा रू ६० लाख रकम विनियोजन गरेको थियो । उक्त नगर बस आठराई गाउँपालिकाको केन्द्र, सत्रान्ति बजारदेखि पाँचथर सदरमुकाम फिदिमसम्म दैनिक सञ्चालन हुने बताइएको छ । सत्रान्तिदेखि फिदिमसम्मको भाडादर रू २०० निर्धारण गरिएको गाउँपालिकाका उपाध्यक्ष बलिराज इङ्नामले बताए । सत्रान्ति-फिदिम बीचको दूरी करिब ३५ किलोमिटर रहेको छ । ७० वर्षमाथिका ज्येष्ठ नागरिक, पाँच वर्षमुनिका बालबालिका र विद्यालय पोसाक लगाएका वा विद्यार्थी परिचयपत्र बोकेका विद्यार्थीलाई भने निःशुल्क सेवा दिइने उपाध्यक्ष इङ्नामले बताए ।

त्यसैगरी, अपाङ्गता भएकाका लागि भाँडादरमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । उक्त नगर बस हरेक दिन बिहान ८:०० बजे सत्रान्ति बजारदेखि छुट्नेछ भने फिदिमदेखि अपराह्न ३:०० बजे आठराई फर्किने गाउँपालिकाका प्रवक्ता एवम् ६ नं वडाअध्यक्ष कृष्णप्रसाद बाँस्कोटाले बताए ।

आठराई गाउँपालिकावासीको मुख्य बजार छिमेकी जिल्ला पाँचथरको फिदिम भएकाले उक्त रूटमा नगर बस सञ्चालमा ल्याइएको हो । यसको लागि पाँचथरको फिदिम नगरपालिकाको पनि साझेदारी रहेको जनाइएको छ ।

कमलमा दुर्गा पूजासहित टीकामेला लाग्ने

दमक / कमलमा दुर्गा पूजासहित टीकामेला लाग्ने भएको छ । नजिकिएको टिका मेलासहित दुर्गा पूजालाई व्यवस्थित बनाउन उद्देश्यले झापाको कमल गाउँपालिका वडा नम्बर ५, आइतबारेमा सरोकारवालाहरूवीच छलफल गरिएको छ ।

नवदुर्गा मन्दिर प्रांगणमा प्रत्येक वर्ष विजयादशमीको अवसरमा आयोजना हुने ऐतिहासिक टीका मेलालाई चुस्त, सुरक्षित र व्यवस्थित बनाउने विषयमा छलफल गरिएको हो । छलफलमा बडादसैँका दिन मन्दिरमा गरिने दुर्गा पूजाको धार्मिक विधि र परम्परागत टीका मेलाको ब्यवस्थापनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नेबारे सहभागिहरूवीच विचार-विमर्श गरिएको थियो।

मेलामा आउने श्रद्धालु भक्तजनहरूको सहजता तथा समग्र शान्ति-सुरक्षालाई ध्यानमा राख्दै सर्वपक्षीय छलफलबाट एक टीका मेला व्यवस्थापन समिति गठन गरिएको छ । मेलालाई विगतभन्दा अझ बढी मर्यादित, भव्य र ब्यवस्थित रुपमा सम्पन्न गराउनका लागि विभिन्न टोली बनाएर तयारी तीव्र पारिएको नवदुर्गा मन्दिर सञ्चालन समितिका अध्यक्ष डिल्लीराम उप्रेतीले दिए ।

भोजपुरमा हिउँदे आलु रोप्ने चटारो

भोजपुर / हिउँदे मौसम सुरु भएसँगै भोजपुरका किसानलाई आलु रोप्ने चटारो परेको छ। छोटो समयमै उत्पादन लिन सकिने र बजारमा माग राम्रो भएकाले जिल्लाका किसान आलु खेतीतर्फ आकर्षित भएका हुन्। भोजपुरका बोखिम, दावा, पोखरे, टक्सार, कोट, दलगाउँलगायत ग्रामीण क्षेत्रमा किसानले खेतबारी खनजोत गरी हिउँदे आलु लगाउने काम तीव्र बनाएका छन्। अन्य बालीको तुलनामा कम समयमै उत्पादन लिन सकिने भएकाले किसानले आलु खेतीलाई प्राथमिकता दिने गरेका छन्।

भोजपुर नगरपालिका-४ सिद्धेश्वरका किसान यगिन्द्रबहादुर विष्टले समयमै रोपेको आलुले राम्रो मूल्य पाउने भएकाले अहिले खेतबारी तयार गरी आलु लगाउने काममा व्यस्त रहेको बताए। "अलि चाँडै रोपेको आलु बजारमा पुऱ्याउन सकियो भने राम्रो मूल्य पाइन्छ," उनले भने, "त्यसैले अहिले खेतबारी तयार गरेर आलु रोप्ने काममा लागेका छौँ।"

स्थानीयस्तरमा उत्पादन भएको आलु भोजपुरका बजारमा खपत हुनुका साथै छिमेकी जिल्ला र तराईका बजारसम्म पुग्ने गरेको किसान बताउँछन्। बजारमा माग राम्रो हुने र समयमै उत्पादन गरी बिक्री गर्न सके आम्दानीसमेत राम्रो हुने भएकाले आलु खेतीप्रति किसानको आकर्षण बढेको हो।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार जिल्लामा हिउँदे र वर्षे गरी गत वर्ष कुल ५१ हजार ९०० मेट्रिक टन आलु उत्पादन भएको थियो। जिल्लामा करिब तीन हजार २७२ हेक्टर क्षेत्रफलमा आलु खेती हुँदै आएको केन्द्रले जनाएको छ।

आलु मुख्यत: तरकारीका रूपमा प्रयोग हुने गरेको छ। छोटो अवधिमै उत्पादन लिन सकिने, बजारको माग राम्रो रहेको र जिल्लाका विभिन्न क्षेत्र आलु खेतीका लागि उपयुक्त भएकाले आगामी दिनमा यसको क्षेत्र विस्तार गर्न सकिने कृषि ज्ञान केन्द्रको भनाइ छ। रासस

स्वास्थ्य

दमक/ चिसो मौसम होस् वा अत्यधिक चिसो खादाँ आजकल धेरै मानिसलाई टन्सिल भइरहेको हुन्छ। टन्सिल हुँदा ज्वरो आउँने, काम गर्ने जाँगर नचल्ने तथा सामान्य दिनचर्यामा नै प्रभावित हुने गर्दछ। टन्सिलाइटिस नामक ग्रन्थीमा हुने संक्रमण, घाउ वा सुन्निएमा हामी त्यसलाई टन्सिल भन्दछौ। यस्तो अवस्थामा खानपिन गर्न वा थुक निल्म मात्र निकै अप्ठेरो हुने गर्दछ। टन्सिलाइटिस यस्तो ग्रन्थी हो, जहाँ सामान्य अवस्थामा हानिकारक ब्याक्टेरियाबाट शरीरलाई रक्षा हुने गर्दछ।

मुखबाट शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया टन्सिलाइटिसले रोक्दछ। तर जब टन्सिलाइटिस नै संक्रमित हुन्छ यसले शरीरमा समस्या निम्त्याउँन गर्दछ। तर, संभव भएसम्म टन्सिलमा औषधी सेवन गर्नु भन्दा प्राकृतिक एवम् घरेलु उपचार गर्नु उत्तम हुन्छ।

१. नुनपानीले कुल्ला गर्ने : टन्सिल भएमा मनतातो पानीमा नुन हालेर कुल्ला गर्नु सबैभन्दा प्रभावकारी उपाय हो। दैनिक ३/४ पटक नूनिलो पानीले कुल्ला गरे टन्सिल सुन्निन कम हुन्छ र दुखाईमा पनि राहत मिल्छ।

२. बेसार पानी खाने : बेसारले शरीरको भित्री संक्रमणबाट बचाउन समेत प्रभावकारी मानिन्छ। बेसार आफैमा प्राकृतिक एन्टिबायोटिक हो। बेसारलाई मनतातो पानी राखेर दैनिक ३/४ कुल्ला गरेमा पनि टन्सिल कम हुन्छ।

३. तुलसीको पात चपाउने : धार्मीक महत्व बोकेको तुलसी बहुगुणी वनस्पती मानिन्छ। टन्सिल भएको अवस्थामा तुलसीको पात मुखमा राखेर चपाएमा यसमा राहत मिल्दछ। पानीमा उमालेर खाएमा पनि तुलसीको पातले राहत दिलाउँछ।

४. मह र दालचिनी खाने : मह र दालचिनि टन्सिलमा फाइदाजनक हुन्छन्। दालचिनीमा दुखाई कम गर्ने तथा महमा एन्टिब्याक्टेरियल गुण हुन्छ। दुई चुट्की दालचिनीलाई एक चम्चा महमा मिसाएर दिनमा तीन पटक सेवन गरे टन्सिलको दुखाई भाग्छ र सुन्निन पनि कम हुन्छ।

५. हर्बल चिया : टन्सिलका कारण टन्सिलाइटिसको संक्रमण हुन्छ र हर्बल चियाले यसमा जमेको ब्याक्टेरिया र किटाणु बिस्तारै बिस्तारै मारिदिन्छ। हर्बल चिया पिउँदा पनि टन्सिलको समस्याबाट छिट्टै छुट्कारा पाउन सकिन्छ। यसले गर्दा घाँटी सुन्नि कम हुन्छ र दुखाई पनि ठिक हुन्छ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा केरा खाने कुनै एक 'सही समय' तोकिएको छैन, यसलाई आफ्नो खानपान, दिनचर्या र शरीरको आवश्यकता अनुसार खान सकिन्छ।

केरामा कार्बोहाइड्रेट, फाइबर, पोटासियम र भिटामिन बी-६ जस्ता पोषक तत्व पाइन्छन् जसले शरीरलाई ऊर्जा दिनुका साथै नसा र मांसपेशीको कार्यमा मद्दत गर्छ।

मधुमेह र मिर्गौलाका बिरामीले केराको मात्रामा ध्यान दिनुपर्छ र डाक्टर वा डाइटिसियनको सल्लाह लिनुपर्छ। केरा यस्तो फल हो, जसलाई मानिसहरू दिनको फरक-फरक समयमा खान रुचाउँछन्। कसैले यसलाई बिहानको खाजामा खान्छन् भने धेरैले व्यायाम गर्नुअघि वा पछि स्न्याकका रूपमा लिने गर्छन्।

के खाली पेटमा केरा खानु सही हो ?

यदि बिहान खाली पेटमा केरा खाँदा तपाईंलाई कुनै किसिमको समस्या हुँदैन भने यसलाई बिहानको खाजामा समावेश गर्न सकिन्छ। तर, केही मानिसलाई खाली पेटमा फलफूल खाएपछि पेट फुल्ने वा भारी हुने समस्या हुन सक्छ। यस्ता मानिसले केरालाई ओट्स, ब्रेड, दही वा अन्य कुनै खानेकुरासँग खान सक्छन्।

केरा र दुध पनि एक साधारण सम्मिश्रण हो। केराबाट कार्बोहाइड्रेट पाइन्छ भने दूधले प्रोटिन र अन्य पोषक तत्व प्रदान गर्छ। यदि कुनै व्यक्तिलाई दूध सजिलै पच्छ भने, केरा र दूधको सेवन सामान्य खानपानको हिस्सा बन्न सक्छ।

अर्कोतर्फ, ल्याक्टोज पचाउन समस्या हुने मानिसलाई दूधका कारण ग्यास बढ्ने वा पेट फुल्ने जस्ता समस्या हुन सक्छन्।

के राति केरा खाँदा बेफाइदा हुन्छ ?

राति केरा खानु आफैंमा हानीकारक मानिँदैन। यदि यो खाएपछि तपाईंलाई पेट भारी भएको वा असहज महसुस हुँदैन भने राति पनि खान सक्नुहुन्छ। तर, राति केरा खाँदा पाचनसम्बन्धी समस्या हुन्छ भने यसलाई दिनको अन्य कुनै समयमा खानु उत्तम हुन्छ।

समग्रमा भन्नुपर्दा, केरा एक पौष्टिक र सजिलै पाइने फल हो। तर, कुनै एउटा फललाई मात्र सम्पूर्ण आहारको विकल्प मान्न सकिँदैन। राम्रो स्वास्थ्यका लागि केराका साथै विभिन्न थरीका फलफूल, तरकारी, दाल, गेडागुडी तथा प्रोटिनयुक्त खाद्यपदार्थलाई पनि भोजनको हिस्सा बनाउनु जरुरी छ।

मनोरञ्जन

४० दिनमा सकियो 'शुभ विवाह'को छायांकन

दमक/ सुदर्शन थापा निर्देशित फिल्म 'शुभ विवाह'को छायांकन सकिएको छ। ४५ दिनको छायांकन तालिका रहेको फिल्मको छायांकन ४० दिनमै सकिएको हो।

कलाकार तथा प्राविधिकको साथ र सहयोगले निर्धारित तालिका ५ दिन अघि नै सकिएको निर्देशक थापाले बताए। प्रियदर्शन फिल्मसको व्यानरमा निर्माण भएको फिल्ममा प्रदीप खड्का, सनिशा भट्टराई, हरिहर शर्मा, वसुन्धरा भुसाल, मुकुन्द किशोर भट्टराई, कृष्ण ढुङ्गाना, विशाल पहारी, अन्शु महर्जन, बिन्दा खतिवडा, अनिता बस्नेत, मेक्सम गौडेल, सन्तोष थापा, सुनिशा बजगाईं, आश्मा गिरी, रामेश्वर रिजाल, सुहान श्रेष्ठ र रमेश बज्राचार्य लगायतको अभिनय देख्न सकिन्छ।

सुप्रिया कटुवालले लगानी गरेको फिल्ममा साम भुजेलको कार्यकारी निर्माताका रूपमा छन् भने फिल्मको कथा प्रदीप श्रीवास्तवले लेखेका हुन्। फिल्मको पटकथा तथा संवाद लेखन रामशरण पाठकको छ। अर्जुन पोखरेल संगीत, राजेश श्रेष्ठको छायांकन रहेको फिल्म मिलन श्रेष्ठले सम्पादन गर्नेछन्।

फिल्म आगामी फागुन २१ गतेबाट देशभर प्रदर्शनमा आउँदैछ। फिल्मको वितरण भीष्म फिल्मस् र श्री राम बालाजीले मिलेर गर्नेछन्।

जुल्फीको जुलुम

✍ डा. व्यन्जना शर्मा

ठिटौले सरकारले अब जुल्फी राख्न पाइन्छ भनिदिएपछि बहुसंख्यक स्कुल र कलेजका ठिटा मुसुक्क हाँसे होलान्। छोराहरु सानै हुँदा पनि लरक्क कपाल राम्रो देखिन्छ भनेर धेरै आमाहरुलाई मैले सेलुनतिर, पार्लरतिर गएर आफ्नो बच्चाको कपालको स्टायल गराएको देखेकी छु। नानीहरु जब विद्यालय जान थाल्छन्, कपालको छुट्टै नियम उनीहरुले पालना गर्नुपर्छ। छोटो आर्मी कट हेयर बनाउन पऱ्यो, नत्र केटो कारवाहीमा पऱ्यो। बिचरा नानीहरुको मनमा कपालमोह कति गाढा हुन्छ भनें दशैंको लामो बिदापछि स्कुल आउँदा प्राय: केटाहरुले कपालका नानाभाँती स्टायल गर्न भ्याएका देखिन्छन्। कानमाथि कन्पारामा रेखी हान्नु त साधारण नै हो। याद गर्नुभा होला नि?अझ मौका परे त आँखीभौंमा समेत कैचीले छड्के रेखा हानिदिन्छन्। लामो बिदापछिको स्कुल लाग्ने दिनकालागि भनेर कति गरेर बनाएको आफ्नो इच्छा माफिकको लर्के जुल्फी मन कटक्क पारेर पुलिस कट पार्नु कम्ति ठूलो वाध्यता हो र?

जुल्फीवाला अनुशासनहीन हुन् ?

नेपाली समाज कपाललाई लिएर अहिले सर्लक्क दुई कित्तामा बाँडिएको छ। भर्खरै मात्र दमकको एक नीजि विद्यालयका एक हुल छात्रहरुले स्कुलले कपाल काट्न दवाब दियो भनेर विरोध गरेको भन्ने समाचार आयो। अलि अगाडि इटहरीतिरको कलेजमा एक टिचरले विद्यार्थीलाई कपाल नकाटेको निहुँमा सातो खाँदै गरेको भिडियो पनि आएको थियो। सोसल मिडियामा आएका विषयमा पक्ष विपक्षमा दोहोरी खेल्नु हाम्रो नयाँ नेपालको चरित्र नै हो। कपालवाला भिडियो सतहमा आउनासाथ तर्क वितर्क चल्न थालिहाल्यो। कपाल पाल्न पाउनुपर्छ भन्ने कमै देखें मैले। अब बर्बाद भयो। समाजमा मर्यादाहीन बनमान्छेहरुको जगजगी हुने भयो भनेजस्तै गरेर मान्छेहरु भनिरहेका थिए। यसबाट मैले के अनुमान गरें भनें हामीलाई हाम्रा पुराना मान्यताहरुले छपक्क छोपेका छन्। तिनै आउटडेटेड मान्यताहरुको कालो बर्को ओढेर बाहिर चिहाउँदै हामी नयाँ मूल्य र मान्यताहरुमाथि धावा बोल्छौं र आफ्नो बचाउको लागि 'संस्कृति, परम्परा'को आड लिन्छौं।

हाम्रा मनमा लामो कपाल पाल्ने जति फटाहा, अनुशासनहीन र विद्रोही हुन् भन्ने छाप कताकता नजाँनिदो गरी बसेको छ। जुल्फी विरोधी समूहमा शिक्षकहरु पो अझ अगाडि बढेर आत्तिएका देखें मैंले। छरीकट कपाल काटेका, पुलिस, आर्मी जस्ता आदेश पालना गर्ने, दोहोरो संवाद नगर्ने विद्यार्थीको खोजीमा छौं अझ पनि हामी। एकातिर हामी समाज विकसित र परिस्कृत भएको हेर्न आतुर छौं तर मनमा मर्यादापालक श्रीराम र श्रवणकुमार नै बोकेर हिडिरहेका छौं। लामो कपाल अनुशासनहीनताको पर्याय कसरी बन्यो होला? के यो हाम्रा मनमा बसेको दन्त्यकथाका लामा कपाल भएका राक्षसले अथवा सिनेमाका लामा कपाल भएका खलपात्रहरुको प्रभावले गर्दा यस्तो भयो ? केटाहरुले लामो कपालपाल्नु अपराधहो भने स्कुलकलेजका केटीहरुले बोइज कट कपाल काट्नु चैं अपराध किन नमान्ने त ?यस कारणले पनि कपालले आचरण र व्यवहार निर्धारण गर्न सक्दैन भन्ने कुरामा म दृढ छु। बरु आफ्ना पालामा नभएको र नयाँ पुस्ताले उपभोग गर्न पाएको अवान्छित व्यक्तिगत स्वतन्त्रता हामीलाई असैह्य भएर लामो कपालको विरोधमा हामी उत्रिएको ठान्छु म त।

पढ्ने जुल्फीले हो र ?

बहसमा रहेको केटाहरुको लामो कपालको मुद्दा मैले खासगरी अनुशासनसित जोडिएको देखें। अनुशासन र कपालबीच त्यत्रो सम्बन्ध चाहिँ छैन। अझ पुरातन संस्कृति र सभ्यतातिर हेर्ने हो भनें त राम, कृष्ण र शिवजीको समेत लरक्क जुल्फी देखिन्छ। तर कपालको सफाइ र सौम्यता चाहिँ कायम राख है बाबु हो भन्ने हो भनें त्यति बिघ्न घातक कुरा नै हो लामो कपाल भन्ने मलाई लागेन। यदि विद्यार्थीका बाबु आमालाई आफ्ना छोराछोरीको हेयर स्टायलमा आपत्ति छैन भने अरुले त्यसमा टाउको दुखाइरहनु पर्दैन। अनि छोटो कपालवाला पढ्नमा बिजुली हुने र जुल्फेचाहिँ भूस हुने भन्ने पनि होइन। अबका विद्यालयहरु पहिले पहिलेका जस्ता सिर्कनाले चल्ने पनि हैनन्। अब त वालमनोबिज्ञानका कुरा छन्, उनीहरुका रुचीका कुरा छन्, सिकाइउपलब्धीमापनकाफरक तौर तरिका छन्। अघिल्लो दशकमाभएकाप्राय सबै शिक्षण र सिकाइका स्वरुपमा परिवर्तन आएको छ। यी सबै कुराहरु बिर्सेर हामीजुल्फीआफ्नै पालाको जस्तो खोजिरहेछौं। मलाईपनि लाग्छ, पढ्ने जुल्फीले हो र ?

पश्चिमी लोकतान्त्रिक मुलुकहरु अमेरिका, अष्ट्रेलिया, क्यानडा, ब्रिटेन जस्ता देशमा स्कुले केटाहरुले कपाल राख्नु नराख्नु उनीहरुकै व्यक्तिगत स्वतन्त्रता हो। बरु त्यतातिर स्कुल परिसरमा अनुहारै छोप्ने हेयर स्टायल गर्न पाइँदैन, साइन्स ल्याबतिर जाँदा कपाल अनिवार्य रुपमा बाँध्नैपर्ने वाध्यता हुन्छ अनि कपालको सफाइ र सौम्यताका शर्तहरु भनें पालना गर्नुपर्ने हुन्छ।

स्कुलका आफ्नै नियम र कानूनहरु हुन्छन् भन्ने तर्क पनि हामी गर्न सक्छौं तर ती नियमभन्दामाथि कपालका विषयमा स्वेच्छालाई प्राथमिकता दिनू भनेर राज्य भन्छ। अनि ती नियमहरु समयसापेक्ष हुनुपर्छ र समय समयमा परिमार्जन पनि गर्नुपर्छ। तर्क र गफका सीमा हुँदैनन्। गफहरु अविरल रुपमा आइरहन्छन्। तटस्थ र अन्तिम भन्ने कुरै यहाँ केही छैन। हरेक कुराहरु परिवर्तनीय छन्। पुराना नियम, मूल्य र मान्यता त्याग गर्न र नयाँमा बानी पर्न केही समय गाह्रै पर्छ। मलाई भनें जुल्फीले सामाजिक व्यवस्थामा कुनै जुलुम गर्दैन भन्ने लाग्छ।

दैनिक राशिफल

आज मिति
२०८३ साल
असोज २१ गते
बुधबार
7 Oct. 2026
तिथि: द्वादशी श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	कार्यमा ढिलाई । आँखामा समस्या ।
वृष	इ उ ए ओ वा वि वु वे वो	मान्यजनमा समस्या । केही घरायसी सामान जोडिने ।
मिथुन	का कि कु घ ङ छ के को हा	धन प्राप्ती । हिम्मत बढ्ने ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	मित्रबाट अपजस । खर्च बढ्ने ।
सिंह	मा मि मु मे मो टा टि टु टे	पढाईमा रुचि । पारिवारिक जमघट ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	स्वास्थ्यमा समस्या । खर्च बढ्ने ।
तुला	हि हु हे हो डा डि डु डे डो	सामान्य आम्दानी बढ्ने । वैदेशिक मार्गमा सुधार ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	समाजबाट सहयोग । कार्यमा सफल ।
धनु	य यो भा भी भ धा फा ढ भे	देहमा सामान्य पीडा । आयमा कमी ।
मकर	भो जा जी खि खू खे खो गा गी	मनमा अशान्ति । कार्यमा बाधा ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	जीवनसाथीबाट सहयोग । व्यापारबाट सामान्य लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आमाको पक्षबाट लाभ । मित्र बढ्ने ।

सुन्तला पाक्नुअघि नै झर्न थाले दाना

भोजपुर/ सुन्तलाको बगानमा फल झर्ने र विभिन्न रोगको प्रकोप देखिएपछि भोजपुरका किसान चिन्तित भएका छन् । सुन्तलाका दाना परिपक्व नहुँदै भेट्नो कुहिएर खस्न थालेपछि वर्षभरिको मेहनत र लगानी खेर जाने भन्दै किसान पिरोलिएका हुन् ।

सुन्तला पहेँलो हुने र आफैँ भुइँमा खस्ने रोग फैलिएको भोजपुर नगरपालिका(३ गुप्तेश्वरका किसान तीर्थबहादुर प्रधानले बताए । फल लाग्ने समयमा परेको असिनापानीबाट जोगिएको सुन्तलामा अहिले फल झर्ने समस्या देखिएको उनको भनाइ छ ।

प्रधानका अनुसार बगानमा अहिले फल झर्नेबाहेक हाँगा सुक्ने, पातमा सेतो ढुसी देखिने, पात कुप्रिने र बोट नै पहेँलो हुँदै जाने समस्या देखिएका छन् ।

टेम्केमैयुङ गाउँपालिका(५ खावा केराबारीका किसान देवराज राईले विगत केही वर्षदेखि फल झर्ने, हाँगा सुक्ने, ढुसी लाग्ने र पात बेरिने समस्या निरन्तर दोहोरिरहेको बताए । करिब १५ रोपनीमा सुन्तलाखेती गरेर वार्षिक रू पाँच लाखसम्म आम्दानी गर्दै आउनुभएका राईले रोगका कारण उत्पादन घट्दै गएको जानकारी दिए ।

भोजपुर नगरपालिका-६ का किसान भीमराज विष्टले सुन्तलाका फल बोटमै फुट्न थालेको बताए । समयमै यसको रोकथाम र नियन्त्रण हुन नसके पूरै बगान नै सखाप हुने स्थिति आएको भन्दै उनले चिन्ता व्यक्त गरे ।

सुन्तला बगानमा यस्तो रोगको प्रकोप देखिएकाले कृषि प्राविधिक तथा सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने स्थानीय किसानको माग छ ।

अन्तर्राष्ट्रिय

भारतमा राहुल गान्धीसहित विपक्षी नेता हिरासतमा

एजेन्सी । भारतको निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै मतदाता सूची संशोधनविरूद्ध प्रदर्शनमा उत्रिएका कांग्रेस नेता राहुल गान्धीसहित केही विपक्षी सांसदलाई प्रहरीले मंगलबार केही समय हिरासतमा लिएर रिहा गरेको छ । विपक्षी दलहरूले संसद् भवनबाट निर्वाचन आयोगको कार्यालयतर्फ पदयात्रा सुरू गरेपछि प्रहरीले ब्यारिकेड लगाएर उनीहरूलाई रोकेको थियो। एएफपीका अनुसार गान्धी ब्यारिकेडनजिक भारतीय झण्डा फहराउँदै उभिनुभएको थियो । त्यसपछि प्रहरीले गान्धीसहित केही सांसदलाई नियन्त्रणमा लिएर केही समयपछि रिहा गरेको हो ।

निर्वाचन आयोगका प्रमुख कुमारको राजीनामा माग गर्दै विपक्षी दलहरूले शुक्रबारदेखि प्रदर्शन गर्दै आएका छन् । उनीहरूले निर्वाचन आयोगले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) को प्रभावमा काम गरेको आरोप लगाएका छन् । आयोगले भने मतदाता सूचीको शुद्धता र अखण्डता कायम गर्न संशोधन गरिएको भन्दै विपक्षीको आरोप अस्वीकार गरेको छ ।

कोप-३१ मा जलवायु वित्त र ऊर्जा रूपान्तरण मुख्य मुद्दा बन्ने

एजेन्सी/ विश्वव्यापी तापक्रम वृद्धि र जलवायुजन्य क्षति बढिरहेका बेला टर्कीको अन्ताल्यामा आगामी नोभेम्बर ९ देखि सुरू हुने कोप-३१ सम्मेलनमा जलवायु वित्त, ऊर्जा रूपान्तरण र बढ्दो जलवायु संकट प्रमुख मुद्दा बन्ने भएका छन् । यसपटक टर्कीले सम्मेलन आयोजना गर्दैछ भने अस्ट्रेलियाले वार्ताको नेतृत्व गर्नेछ। जीवाश्म इन्धनको प्रयोग घटाउने उपायका रूपमा 'विद्युतीकरण'लाई विशेष प्राथमिकता दिइने भएको छ । सन् २०३५ सम्म अन्तिम ऊर्जा मागमा विद्युत्को हिस्सा २० प्रतिशतबाट बढाएर ३५ प्रतिशत पुर्‍याउने स्वैच्छिक लक्ष्यमा राष्ट्रहरूलाई प्रतिबद्ध गराउने प्रयास हुनेछ ।

दमक भेट्रान कप

भेट्रान कप उपाधिका लागि बिर्तामोड र दमक भिड्दै

दमक / झापाको दमकमा जारी कोशी प्रदेश जिल्ला स्तरीय प्रथम भेट्रान च्यालेन्ज कप(२०८३ को उपाधिका लागि बुधबार विर्तामोड भेट्रान र दमक भेट्रान (रातो) बीच भिडन्त हुने भएको छ ।

दमक(२ स्थित बेलडाँगी खेलमैदानमा हुने उपाधिका लागि दुवै टिम प्रतिष्पर्धामा उत्रिएका हुन् । दुवै टिमले उपाधि जित्ने दावी गरेका छन् ।

बिर्तामोडले चन्द्रगढी भेट्रानलाई पेनाल्टी सुटआउटमा जित निकाल्दै प्रतियोगिताको फाइनलमा स्थान सुरक्षित गरेको हो ।

त्यसैगरी सेमिफाइनलको दोस्रो खेलमा दमक भेट्रानले (रातो)र काकडभिट्टा भेट्रानलाई पेनाल्टीमा पराजित गरि फाइनलमा पुगेको थियो ।

फाइनलको विजेताले नगद १ लाख १ हजार रूपैयाँ तथा उपविजेताले ५१ हजार रूपैयाँ ,मेडल, ट्रफि तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने क्लबका अध्यक्ष गजेन्द्र देवानले जनाएका छन् । १५ असोजवाट शुरू भएको

प्रतियोगितामा पूर्वका झापा, मोरङ, इलाम र सुनसरीका गरि १२ वटा भेट्रान टीमले सहभागिता जनाएका थिए ।

दुर्गा प्रसाईंलाई धरौटीमा छाड्न आदेश

दमक/ जिल्ला अदालत काठमाडौंले मेडिकल व्यवसायी एवम् राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका अगुवा दुर्गा प्रसाईंलाई विद्युतीय कारोबार सम्बन्धी कसुरमा धरौटीमा छाड्न आदेश दिएको छ ।

मंगलबार न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले प्रसाईंलाई २ लाख धरौटीमा छाड्न आदेश दिएको हो ।

प्रसाईंलाई असार १२ मा साइबर ब्युरोले पक्राउ गरेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद रचना खतिवडाको उजुरीको आधारमा प्रहरीले उनलाई विद्युतीय अपराध ऐन सम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको थियो ।

हाल्जेनलाई भौतिकशास्त्र तर्फको नोबेल पुरस्कार



एजेन्सी । स्वीडेनको रोयल स्वीडिस एकेडेमी अफ साइन्सेजले सन् २०२६ को भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार वैज्ञानिक फ्रान्सिस हाल्जेनलाई प्रदान गर्ने घोषणा गरेको छ। आइसक्यूब न्युट्रिनो अब्जर्भेटरीमा निर्णायक योगदान तथा खगोलीय स्रोतबाट आउने उच्च ऊर्जाका न्युट्रिनो पत्ता लगाएकोमा उनलाई पुरस्कार दिइएको हो।

हाल्जेनले दक्षिण ध्रुवको बरफ प्रयोग गरी न्युट्रिनो पत्ता लगाउने अवधारणा सन् १९८८ मा अघि सारेका थिए । आइसक्यूबले करिब एक घन किलोमिटर बरफमा जडान गरिएका प्रकाश सेन्सरमार्फत न्युट्रिनो र परमाणु केन्द्रबीचको दुर्लभ अन्तरक्रिया पत्ता लगाउँछ। न्युट्रिनो विद्युत् आवेशरहित सूक्ष्म कण हुन्, जो पृथ्वी र मानव शरीर हुँदै सहजै पार हुन सक्छन् । यिनको अध्ययनबाट वैज्ञानिकहरूले ब्रह्माण्डका अत्यधिक ऊर्जायुक्त घटनाबारे जानकारी प्राप्त गर्न सक्छन् ।

राप्रपा.... अघि बढाइनेछ ।

कोशी प्रदेश अध्यक्ष थापाले अधिवेशनको खुला सत्रमा जिल्ला सभापति, प्रदेश तथा क्षेत्रीय पदाधिकारी, गाउँ-नगर का पदाधिकारी तथा प्रतिनिधि, पार्टीका शुभेच्छुक, शुभचिन्तक र सञ्चारकर्मीलाई उपस्थित हुन आग्रह गरेका छन् ।

पाथीभरामा...साथै भेडाको बली दिएका र भेडाको बलीपछि हराएका भेडाहरु जस्ताको तस्तै हराएकै ठाउँमा देखा परेका थिए भन्ने किम्बदन्ती रहेको छ ।

एमाले...नेतृत्वको विरूद्ध सार्वजनिक रूपमा आलोचना वा विरोध गर्ने, स्वेच्छाचारी, अराजक वा अनुशासनहीन क्रियाकलाप गर्ने वा गुटबन्दी गर्ने प्रवृत्तिमा पूर्णरूपमा रोक लगाउने र पार्टीमा अनुशासन पुनर्स्थापित गर्ने', अध्यक्ष ओलीले जारी गरेको अपानिमा भनिएको छ, 'आजसम्म जो-जसले जे-जे बोल्नुभयो वा जेसुकै गर्नुभयो, आजसम्मको छोडिदिने । केन्द्रीय कमिटीको चालू बैठकलाई कटअफ बैठक मान्ने ।'

यसअघि एमालेमा पार्टी पुनर्गठनको विषयलाई लिएर नेता कार्यकर्ताहरुले दिएको अभिव्यक्तिलाई आधार बनाएर एमालेले यस्तो निर्देशन दिएको हो । पार्टी पुनर्गठनबारे बहस चल्दै गर्दा अध्यक्ष ओलीकै कारण पार्टी कमजोर बनेको तथा गत निर्वाचनमा समेत लज्जास्पद हार बेहोर्नुपरेको नेता कार्यकर्ताहरूले बताउँदै आएका थिए ।

उपाध्यक्ष रामबहादुर थापा 'बादल' नेतृत्वको पार्टी पुनः गठन कार्यदलले सातै प्रदेशमा पुगेर गरेको छलफल र तयार पारेको प्रतिवेदनमै ओलीलाई नेतृत्वबाट हटाउनु पर्ने सुझाव समेटिएको थियो ।

'अब उप्रान्त कसैले पार्टीको नीति, निर्णय र नेतृत्वको विरूद्धमा सार्वजनिक रूपमा आलोचना, विरोध, निन्दा, अपमान गरेमा वा गुटबन्दी गरेमा वा अराजक तथा अनुशासनहीन क्रियाकलाप गरेमा स्पष्टीकरण सोध्ने र कारबाही गर्ने', अध्यक्ष ओलीले अपानिमार्फत पार्टी कमिटीलाई भनेका छन् ।

कांग्रेस...सभापतिमा गगनकुमार थापा र श्यमकृष्ण खड्गीले उम्मेदवारी दिएका छन् । नेपाली कांग्रेसका नेता विश्वप्रकाश शर्माले पार्टीको वरिष्ठ उपसभापति पदमा उम्मेदवारी दर्ता गराएका छन् । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत शर्माले मंगलबार वरिष्ठ उपसभापति पदमा उम्मेदवारी दर्ता गराएका हुन् । उनी विशेष महाधिवेशनबाट कांग्रेसको उपसभापति बनेका थिए । शर्माको उम्मेदवारी वरिष्ठ उपसभापति पदमै रहेको झापाका नेता उद्धव थापाले जानकारी दिए ।

झापाका...स्ट्यान्ड, दमक-६ को बसपार्क र गौरीगञ्ज-३ को गौरीगञ्ज बजारमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ । यात्रुलाई टिकट लिएर मात्र यात्रा गर्न, टिकट सुरक्षित राख्न तथा यात्रासम्बन्धी कुनै समस्या, जिज्ञासा वा गुनासो भए नजिकको यात्रु सहायता कक्षमा सम्पर्क गर्न आग्रह गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रञ्जन अवाले बताए । बढी भाडा लिने, यात्रुमाथि दुर्व्यवहार गर्नेलगायतका कार्य भए तत्काल कारबाही गरिने उनले बताए

जिल्ला प्रहरी कार्यालय झापाले यात्रुको सुरक्षालाई प्राथमिकतामा

राख्दै चाडपर्वका समयमा सुरक्षा निगरानी र यात्रु सहजीकरणलाई प्रभावकारी बनाउने जनाएको छ । प्रहरीका अनुसार शंकास्पद व्यक्ति, वस्तु वा गतिविधि देखिएमा तथा आकस्मिक प्रहरी सहायता आवश्यक परेमा नजिकको प्रहरी इकाइ वा यात्रु सहायता कक्षमा तत्काल सम्पर्क गर्न प्रहरीले आग्रह समेत गरेको छ ।

त्यस्तै, सार्वजनिक सवारीसाधनले तोकिएभन्दा बढी भाडा लिएको, क्षमताभन्दा बढी यात्रु बोकेको वा जोखिमपूर्ण तरिकाले सवारी सञ्चालन गरेको देखिएमा प्रमाणसहित तत्काल जानकारी दिन प्रहरीले आग्रह गरेको छ । अपरिचित व्यक्तिले दिएको खानेकुरा तथा पेय पदार्थ नलिन पनि प्रवक्ता अवाले अनुरोध गरेका छन् ।

सामुदायिक....एउटै जिल्लाका चार विद्यालय अग्रस्थानमा

सबैभन्दा धेरै विद्यार्थी रूपन्देहीको बुटवलस्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयमा छन्। त्यहाँ ८ हजार २३९ विद्यार्थी अध्ययनरत छन् ।

त्यसपछि तिलोत्तमाको शान्ति नमुना माविमा ७ हजार १२०, धनुषाको जनता नमुना माविमा ६ हजार २६६, बुटवलको कान्ति माविमा ६ हजार ३४ र नवीन औद्योगिक कदरबहादुर रीता माविमा ५ हजार ३४० विद्यार्थी छन् ।

काठमाडौंको ज्ञानोदय मावि, मोरङको सुकुना मावि, काठमाडौंकै विश्वनिकेतन मावि, भक्तपुरको वागीश्वरी मावि र कपिलवस्तुको नेपाल आदर्श मावि पनि चार हजारभन्दा बढी विद्यार्थी भएका ठूला सामुदायिक विद्यालयमा पर्छन् ।

निजी विद्यालयको विकल्प खोज्दै अभिभावक

विद्यालयको व्यवस्थापन, शिक्षण पद्धति र नतिजामा सुधार भएका कारण केही सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढेको अधिकारीहरूको भनाइ छ । अंग्रेजी माध्यम, डिजिटल प्रविधिको प्रयोग, अतिरिक्त कक्षा, प्रयोगात्मक सिकाइ र राम्रो शैक्षिक नतिजाले अभिभावकलाई आकर्षित गरेको मन्त्रालयका सूचना अधिकारी थामीले बताए ।

माथिल्ला कक्षामा सामुदायिक विद्यालयको हिस्सा बढी

उपलब्ध तथ्यांकअनुसार कक्षा ६-८ मा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा ६६.७ प्रतिशत छ । कक्षा ९-१० मा यो अनुपात ७१.३ प्रतिशत र कक्षा ११-१२ मा ६२.२ प्रतिशत रहेको छ ।

विद्यार्थी बढ्नु मात्रै पर्याप्त छैन

नेपालमा करिब २७ हजार सामुदायिक विद्यालय सञ्चालनमा छन् । तीमध्ये केहीमा हजारौं विद्यार्थी अध्ययनरत भए पनि अधिकांश विद्यालयको अवस्था फरक छ । त्यसैले विद्यार्थी संख्या बढ्नु वा घट्नु मात्रै विद्यालयको सफलता मापन गर्ने आधार हुन नसक्ने मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

झापा....धार्मिक, सांस्कृतिक पर्व, जात्रा, उत्सव तथा मेला सञ्चालनको अनुमति र शान्ति सुरक्षासम्बन्धी सेवा तथा राजनीतिक तथा सामाजिक कार्यक्रमसम्बन्धी जानकारी, अनुमति र शान्ति सुरक्षाका लागि कार्यालयको वेबसाइटमा राखिएको अनलाइन लिंक प्रयोग गर्न सकिनेछ ।

त्यस्तै, नागरिकताको अभिलेख विद्युतीय प्रणालीमा अपलोड, राष्ट्रिय परिचयपत्रको अवस्था र राहदानीको अवस्था बुझ्न डेडिकेटेड ह्वाट्सएप नम्बर तथा प्रहरी सर्जमिन र चालचलनसम्बन्धी जानकारीका लागि डेडिकेटेड इमेल प्रयोग गर्न सकिनेछ ।

सेवाग्राहीले निवेदन दिंदा आ˜नो इमेल वा ह्वाट्सएप नम्बर उल्लेख गर्नुपर्नेछ । माग गरिएको सेवासँग सम्बन्धित जानकारी तथा आवश्यक जवाफ सोही इमेल वा ह्वाट्सएपमार्फत उपलब्ध गराइने कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी पोखरेलले प्रविधिको प्रयोगमार्फत सेवाग्राही र सेवा प्रदायकबीचको दूरी घटाउँदै सार्वजनिक सेवा प्रवाहलाई सहज, छरितो र सेवाग्राहीमैत्री बनाउने उद्देश्यले 'फेसलेस' सेवा सुरू गरिएको बताए ।

उनले भने, "सरकारले सुशासन अभिवृद्धिका लागि डिजिटलमैत्री शासन प्रणालीलाई प्राथमिकता दिएको छ । त्यसैअनुसार सेवाग्राहीलाई सामान्य कामका लागि पटक(पटक कार्यालय धाउनुपर्ने अवस्था अन्त्य गरी भर्चुअल माध्यमबाट सेवा र सेवाग्राहीबीच प्रत्यक्ष कनेक्सन गराउने प्रयास गरेका छौं ।"

उनका अनुसार फेसलेस सेवाले सेवाग्राहीको समय र खर्च बचत मात्र नभई कार्यालयमा हुने अनावश्यक भिडभाड घटाउन सहयोग पुग्नेछ ।

सेवा प्रभावकारीरुपमा सञ्चालन गर्न सम्बन्धित फाँटका कर्मचारीलाई अभिमुखीकरणसमेत गरिसकिएको छ । नयाँ प्रणालीलाई दिगो र प्रभावकारी बनाउन आवश्यकताअनुसार सेवाको स्तरोन्नति गर्दै लैजाने कार्यालयको भनाइ छ ।

कार्यालयले प्रविधिमा आधारित सेवाको विस्तारसँगै सेवाग्राहीलाई सहज पहुँच, पारदर्शिता र छिटो सेवा उपलब्ध गराउने जनाएको छ ।

२१०...सशस्त्र प्रहरी बल मोरङका प्रमुख एसपी गेहेन्द्रबहादुर भण्डारीले जानकारी दिए । सीमावर्ती क्षेत्रमा बेवारिसे अवस्थामा रहेको गाँजा २१० किलो छ । गाँजा कसले लुकाएर राखेको थियो भन्ने यकिन नभएको प्रहरीले जनमाएको छ ।

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०३बस्ने शम्भुराज कटुवालको नाममा दर्ता कायम रहेको मधुमल्ला-९/ग को कि.नं. ११८५ ज.वि. ०-०-१०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारी गरी १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिमतर्फ सँधियार सपना डंगोल उतर तर्फ सँधियार लक्ष्मी पराजुली उपस्थित नहुनु भएको हुँदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

इ-रिक्सा मूल्य सूची सम्बन्धी सूचना

शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि. दमकमा ARROW AUTO movtive इन्डीयन ब्राण्डको EV-11 मोडल ५ सीट क्षमताको इन्डीयन ई-रिक्सा रु. १,९१,०००।-मूल्यमा उपलब्ध छ ।
Size (L2800xW1000xH1800)MM

शुभयात्रा कन्स्ट्रक्सन एण्ड टेक प्रा.लि.
प्यान नं. ६०३५१५३३८, दमक-८, झापा, सम्पर्क : ९८५२६५०४६१

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत

कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com